फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी

प.सं.०७७।०७८

लुम्बिनी प्रदेश, नेपाल

चलानी नं.

मिति २०७८।३।११

**कवाडी ठेक्कासम्वन्धी सूचना**

यस नगरपालिकाबाट आ.व.२०७८।०७९ का लागि कवाडी सामान, खाली, शिशी, बोत्तल, आदिको (रेसुङ्गा न.पा.का १४ वटै वडाका लागि) सिलवन्दी ठेक्का दरखास्त आह्वान गरिएकाले इच्छुक नेपाली नागरिक तथा फर्महरुले निम्न शर्तको अधिनमा रही गोप्य सिलवन्दी ठेक्का दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. न्यूनतम अंक रु.३,०००००।- (तीन लाख)
२. सिलवन्दी दरभाउपत्र फाराम दस्तुर रु १०००।- (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित मितिले ७ (सात) दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
३. नेपाली नागरिकको हकमा नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र फर्मले फर्म दर्ता र नवीकरण प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. सिलवन्दी दरखास्त सूचना प्रकाशित भएको मिति देखि ८ (आठौं) दिनको १२.०० बजेसम्म र अन्तिम दिन विदा परेमा सो को भोली पल्ट यस कार्यालयमा पेश गरी सक्नु पर्ने छ र रितपूर्वक दर्ता भएका सिलवन्दी दरखास्तहरू सोही दिनको २.०० वजे दरखास्त दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । तर दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका कारणले सिलवन्दी दरखास्त खोल्न रोकिने छैन ।
५. सिलवन्दी दरखास्त साथ आफूले कवोल गरेको अंकको ५% धरौटी रा.वा. बैंक गुल्मीको धरौटी खाता ३०१०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै पेश गर्नु पर्ने छ । र स्वीकृतिपछि रकम चौमासिक रूपमा भुक्तानी गर्नुपर्ने छ । स्वीकृत रकम एकमुष्ठ रूपमा दाखेला गरी सम्झौता गरेमा कवोल अंकको १० % ले हुन आउने रकम छुट हुनेछ ।
६. ठेक्का स्वीकृत भए पछि सम्झौता अनुसारको रकम भुक्तानी गर्नु पर्नेछ ।
७. रित नपुगी वा म्याद नाघि आएको ठेक्का दरखास्त उपर कुनै कार्वाही गरिने छैन ।
८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
९. ठेक्का स्वीकृत भै कार्य सञ्चालन भैसके पछि सम्झौता अनुसारको काम नगरेमा कार्यावधिको वीचैमा पनि नगरपालिकाका तर्फबाट ठेक्का सम्झौता खारेज गर्ने अधिकार समेत यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(भक्तिराम मरासिनी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner